परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : १०४ पृष्ठ ४ २०८१ माघ १९ गते, शनिबार 1-February, 2025 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।



9854020595
9801620595
कान्तिपुर फ्लैक्स प्रिन्ट
मेनरोड, बर्दिबास, महोत्तरी
हाम्रो सेवाहरू
• फ्लैक्स प्रिन्ट • होर्डिङ्ग बोर्ड • 2D बोर्ड • 3Dबोर्ड
• भिजिटिङ्ग कार्ड • टि-सर्ट प्रिन्ट • स्टाम्प • कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।


## राष्ट्रिय सेवा दल सिनियर डिभिजन तालिमको दीक्षान्त कवाज सम्पन्न



• टक नेपाल

बर्दिबासस्थित श्री राष्ट्रिय सेवा दल मध्य पूर्वी तालिम शिक्षालय र नवलपरासी जिल्लाको हात्तिखोर स्थित श्री राष्ट्रिय सेवा दल मध्य तालिम शिक्षालयमा सञ्चालित सि.सं.१९ सिनियर डिभिजन तालिम शुक्रबार समापन भएको छ ।

मध्य पूर्वी तालिम शिक्षालयमा आयोजित दीक्षान्त कवाज समारोह रक्षामन्त्री मानवीर राईको प्रमुख आतिथ्यमा समापन भएको थियो । सो अवसरमा राईले सफलतापूर्वक तालिम सम्पन्न गर्ने सम्पूर्ण क्याडेट छात्रछात्राहरूलाई बधाई दिँदै नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको राष्ट्रिय सेवा दल तालिममार्फत युवाहरूलाई अनुशासित, नेतृत्ववान्, बफादार र राष्ट्रप्रति समर्पित देशभक्त नागरिक बनाउनु रहेको उल्लेख गरे । त्यस्तै, मध्य तालिम शिक्षालयमा आयोजित दीक्षान्त कवाज समारोह प्रधान सेनापति अशोक राज सिग्देलको प्रमुख आतिथ्यमा समापन भएको थियो । समापन समारोहमा प्रधान सेनापतिले विभिन्न भौगोलिक तथा सामाजिक पृष्ठभूमिका युवाहरूमा राष्ट्रियता, राष्ट्र प्रेम र राष्ट्रिय एकताको भावना मार्फत कर्तव्यनिष्ठ, देशभक्त र मातृभूमिप्रति समर्पित युवापुस्ता निर्माण गरी एउटै छानामुनि राख्न राष्ट्रिय सेवा दल तालिम फलदायी रहँदै आएको उल्लेख गरे ।

दुई वटा तालिम शिक्षालयमा आयोजित दीक्षान्त कवाज समारोहबाट आज कुल १०८० जना क्याडेट छात्राछात्राहरू दीक्षित भएका छन् । योसँगै यस वर्ष ७,७०४ जना क्याडेट छात्राछात्राहरूले राष्ट्रिय सेवा दलको सिनियर डिभिजन तथा जुनियर डिभिजन तालिम सफलतापूर्वक सम्पन्न गरेका छन् ।

वि.सं. २०२२ सालमा स्थापित राष्ट्रिय सेवा दलबाट हालसम्म सिनियर डिभिजन तथा जुनियर डिभिजन गरी जम्मा ८२,१८४ जनाले राष्ट्रिय सेवा दल तालिम सम्पन्न गरेका छन्।

## महोत्तरीका सुकुम्बासी र अव्यस्थित जग्गाधनी लालपूर्जा वितरण गर्न निवेदन उपर



• टक नेपाल

महोत्तरीका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी लालपूर्जा वितरण गर्न निवेदन उपर जाँचबुझ थालिएको छ । आयोगमा परेको हजारौं निवेदन उपर छानबिन सुरु भएको भूमि समस्या समाधान आयोग महोत्तरीका अध्यक्ष पिताम्बर महतोले बताए।

यसअघि ज्ञानबहादुर गोले अध्यक्ष रहेको आयोगमा १ हजार ६७४ भूमिहीन दलित, २ हजार २११ भुमिहिन सुकुम्बासी र ८ हजार २८२ अव्यवस्थित बसोबासीले भोगचलन गर्दै आएको जग्गाको लालपूर्जा माग गर्दै निवेदन दिएका थिए। वर्षौंदेखि बसोबास गर्दै आएका महोत्तरीका १२ हजार २८२ घरपरिवारले जग्गाधनीको लालपूर्जा माग गर्दै आयोग पुगेका थिए । त्यस मध्य बर्दिबास नगरपालिका २ बुद्धचोकका १५ भूमिहीन दलित र ३८ भूमिहीन सुकुम्बासी गरी ५३ घरपरिवारले जग्गाधनीको लालपूर्जा पाएको अध्यक्ष महतोले बताए।

'हामीले यस अघिका आयोगमा परेको उजुरी उपर छानविन गरेर प्रक्रिया पूरा भएका परिवारलाई लालपूर्जा दिन्छौं', महतोले भने, 'छिटफुट भएकाहरूलाई फेरि एकपटक आयोगको जिल्ला समितिले निवेदन आह्वान गर्ने तयारीमा छ ।'

## बर्दिवास महोत्सव तत्कालको लागि स्थगित

• टक नेपाल

बर्दिवास महोत्सव तत्कालको लागि स्थगित भएको छ ।

केही दिन अगाडी हाम्रो माया घरलाई महोत्सव लगाउन दिएको स्वीकृति बर्दिवास नगरपालिकाले तत्कालको लागि स्थगित गरेको छ ।

संस्थाको घर निर्माणार्थ आर्थिक संकलन गर्ने उद्देश्यले स्थानिय सरकारले दिएको स्वीकृति उद्योग बाणिज्य संघका कारण विवादास्पद वनेपछि नगरपालिकामा बोलाइएको सर्वपक्षिय बैठकमा नगरप्रमुख प्रल्हाद कुमार क्षेत्रीले अर्को सहमती र आर्थिक अवस्था सुधार नभए सम्मको लागि हाललाई महोत्सव स्थगित गरिएको जनाएका हुन् ।



नजिकिदै गरेको एस ईई परिक्षालाई मध्यनगर गर्दै र बर्दिवास नगर पालिकाका व्यापाहिरुको सल्लाह अनुसार तत्कालको लागि महोत्सव स्थगित गर्नुपरेको नगरप्रमुख प्रहलाद कुमार क्षेत्रीले बताए ।

सामाजिक एकतामा नै असर पर्न सक्ने विषयलाई मध्यनजर गर्दै नगरप्रमुख क्षेत्रीले अर्को निर्णय नभएसम्म महोत्सव स्थगन गर्ने वताए ।

नगरप्रमुख क्षेत्रीले आगामी दिनमा नगरपालिकाले महोत्सव सम्बन्धी कार्यविधी बनाउने र दीर्घकालीन रुपमा विवाद नआउने वातावरण सिर्जना गर्ने प्रतिवद्वता जनाए ।

हाम्रो माया घर निमार्ण समितिले बर्दिवास नगरपालिका संग सशर्त अनुदान बाट ५० लाख रमक माग गरेको छ । सो रकम आउन ढिलो भएको कारणले माया घर निर्माणार्थ आर्थिक अभावमा समस्या भेलिरहेको हाम्रो माया घरलाई भने आधारभूत समस्या सावधानको लागि बर्दिवास नगरपालिकाले २० लाख दिने मेयर क्षेत्रीले प्रतिवद्वता जनाए ।

महोत्सवको विवाद दीर्घकालीन समाधानको लागि नगरप्रमुख क्षेत्रीले कानुन वनाउन सहयोग गर्न चेम्बर अफ कमर्स महोत्तरी र बर्दिवास उद्योग बाणिज्य संघलाई आग्रह समेत गरे ।

होटल तथा पर्यटन पर्वद्धनका मधेस प्रदेशका अध्यक्ष हिरालाल गौतमले व्यापार सङ्घले व्यापारीलाई दुईचिरापारी अगाडि बढेको नगरपालिकाले समस्या समाधानको लागि उद्योग वाणिज्य सङ्घकै नेतृत्वमा समिति गठन गर्दा पनि कुशल नेतृत्व देखाउन नसकी संघका अध्यक्ष खड्काले समस्या समाधान गर्नको साटो अफ विवादित बनाएको कुरा व्यक्त गरे ।

महोत्सव आयोजना गर्न उद्योग बाणिज्य संघ बर्दिवासले लगाउनु पर्ने दावी गर्दै आईरहेको बेला नगरले हाम्रो माया घर नामक संस्थालाई सहमती दिएको थियो ।


के तपाई विदेश जाने सोचमा हुनुहुन्छ?
यदि हुनुहुन्छ भने, हामी तपाईंको शहर बर्दिबासमा आइसकेका छौं।

Study Abroad
Preparation Classes
- IELTS / PTE Classes
- Japanese Language Classes
- Korean Language Classes

IELTS | Pearson | PTE
Date Booking

Australia | Canada | UK | USA
New Zealand | Japan | Korea

ग्रेस इन्टरनेशनल, बर्दिबास
सम्पर्क:- 9841133811, 9854088026, 9854088028
स्थान :- औरही रोड, शुभ स्वस्तिक हस्पिटल (पुरानो भवन)

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### सामाजिक संजाल नियमन : सबै कसरी बेठीक ?

नेपालमा केही सामाजिक संजालहरु दर्ता भइ संचालनमा छन् भने केही जथाभावी संचालनमा छन् ।

जसले गर्दा सामाजिक संजालको नाउँमा विकृति पनि देशमा व्यापक छ ।सरकारले सामाजिक संजाललाई कस्ने गरी केही कानुनको तर्जुमा गरेको छ । बिश्वका सबै देशमा सामाजिक संजालका आआफ्नै नियम छन् र नीति पनि छन् ।

सरकारले नेपालमा पनि सामाजिक संजालका विषयमा केही नियम बनाउन खोज्नु धेरै आपत्तिको विषय होइन तर सरकारको नियत चैं के हो भन्ने कुरा स्पष्ट हुन आवश्यक छ ।

पछिल्लो समय सामाजिक संजालतिर अहिले का ठूला दल र उनका केही नेताप्रति एकदमै नकारात्मक टिप्पणी भएको देखिन्छ । सामाजिक संजालकै कुरा गर्ने हो भने यसमा राष्ट्रिय स्वतन्त्र ???र्टीका समर्थक अलि बढी भए जस्तो देखिन्छ तर ठूला दललाई गाली गर्ने सबै स्वतन्त्र पार्टीका कार्यकर्ता भने होइनन् यो भ्रमबाट पनि सरकारमा रहेका र ठूला भनिएका दलहरु स्पष्ट हुन आवश्यक छ । ठूला दल र उनका नेताबाट बढी वितृष्णा भएपछि त्यसको आक्रोश संजालमा देखिएको हो ।

नागरिकको हिसावले हेर्दा सामाजिक संजालहरुको निगरानी आवश्यक छ ।

फेक बनाउने,अरुको चरित्र हत्या गर्ने,गलत समाचारहरु प्रेरित गरेर समाजलाई भ्रमित बनाउने हरुका लागि कानुन आवश्यक छ । जे मन लाग्छ त्यसरी स्वतन्त्रताको नाउँमा छाडा पोष्ट गर्नु हुन्न र यो कार्य रोक्नु पर्दछ ।

यसमा कानुन आवश्यक छ । विरोधीलाई तह लगाउनेभन्दा पनि अराजकता र अफवाह फैलाउने हरुका लागि कानुन बन्न आवश्यक छ । हिजो खासै केही बिगार नगर्दापनि त अघिल्लो सरकारले टिकटक बन्द गरेकै हो । अनि टिकटक बन्द ठीक अन्य संजाल नियमन गर्ने कुरा बेठीक भन्ने स्वतन्त्र पार्टीको कुरामा पनि खासै दम चैं छैन ।

कानुन बन्नुपर्दछ तर विरोधी सिध्याउन होइन सचेत गराउन ।

# प्लाष्टिकको झोला बनाउने उद्योगमा आगलागी

• टक नेपाल

सर्लाहीको ईश्वरपुर नगरपालिका-७, बयलवासस्थित ब्रम्हस्थानमा रहेको एक प्लाष्टिकको झोला बनाउने उद्योगमा आगलागी भएर क्षति पुगेको छ ।

स्थानीय नेत्रबहादुर कार्कीको घरमा भाडा गरी चन्द्रनगर गाउँपालिका-४, पोखरिया टोल बस्ने रामछबिला साहले संचालन गरेको हिमालयन पोलि नेपाल (प्लाष्टिकको झोला बनाउने उद्योग) मा आगलागी भएको हो । आज बिहान ३ बजेपछि सुरु भएको आगलागी झण्डै दुई घण्टापछि स्थानीय, सुरक्षाकर्मी र हरिवन तथा मलंगवा नगरपालिकाको दमकलको सहयोगमा नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय केशरगन्जले जनाएको छ ।



विद्युत् सर्ट भएर आगलागी भएको भनिएकोबारे प्रहरीले अनुसन्धान अघि बढाएको छ । आगलागीबाट उद्योगभित्र रहेको विभिन्न मेसिन, कच्चा पदार्थ र घर पूर्णरुपमा जलेर क्षति पुगेको इलाका प्रहरी कार्यालय केशरगन्जका प्रहरी निरीक्षक उमाकान्त जोशीले बताए । उनका अनुसार आगलागीबाट छिमेकी नवलकिशोर साहको घरमा समेत आंशिक क्षति पुगेको छ ।

# मधेसमा पुरानो साइकल चिनिया दुतावासले बितरण गरेको आरोप !

• टक नेपाल

चिनिया दुतावासले मधेसमा पुरानो साइकल बितरण गरेको खुलासा भएको छ ।

एक हप्ता अगाडि मधेसको एकमात्र महानगरपालिकाको रुपमा रहेको वीरगन्ज महानगरपालिकामा चाइनिज साइकल बितरण गरिएको थियो ।



बितरण गरिएको साइकल देख्दा नया र चमकिलो भएपनि प्राविधिक रुपमा त्यसका पार्टसहरु पुरानो भएको बिद्यार्थीहरुको आरोप छ ।

वीरगन्ज महानगरपालिकाको समन्वयमा वीरगन्ज महानगरपालिका वार्ड नम्बर १५ स्थित श्री नरसिंह माध्यमिक विद्यालयमा एक कार्यक्रम गरि चाइना फाउन्डेशन फर रुरल डेभलपमेन्टको नेपाल कार्यालयले विद्यार्थीहरुलाई साइकल बितरण गरेको थियो । विद्यालयमा आयोजित साइकल बितरण कार्यक्रममा चाइनिज दुतावासका कन्सुर वांग सिनको विशेष उपस्थिती र वीरगन्ज महानगरपालिकाका उपमेयर इम्तीयाज आलमको प्रमुख आतिथ्यमा दुइ सय साइकल बितरण गरिएको जनाइएको थियो ।

बिद्यार्थीहरुलाई बितरण गरिएको उक्त चाइनिज साइकल मध्ये कतिपय साइकलका पार्टसहरु प्राविधिक रुपमा पुरानो र कमसलभएको बिद्यार्थीहरुको आरोप छ । देख्ता नया र चमकिलो देखिने चाइनिज साइकलको ब्रेकवायर छिटै भाचिने,ब्वल बैरिगंहरु पुरानो भएको कारण साइकल प्रयोग भन्दावढी बिग्रीने गरेको नरसिंह विद्यालयका एक विद्यार्थीले गुनासो गरे ।

उनले भने,'साइकल नया छ, तर यसको ट्युर र ब्रेकवायरहरु कमशल भएकोले मिस्त्री कहा देखाउदा पुरानो साइकलकलाई पेन्ट गरिएको जस्तो देखियो,हामि त नया साइकल पाएको भन्दै दगं भएका थियौ ।'

सबै साइकल नभइ ,केहि साइकलको बारे केहि विद्यार्थीहरुले गुनासो गरेको विद्यालयका एक शिक्षकले बताउनु भयो । तर विद्यालय व्यवस्थापन समितिका पुर्व अध्यक्ष रामनारायण कुर्मिले विद्यालयमा बिरतण गरिएको सबै साइकल नया भएको दाबी गर्नुभयो ।

मुख्य रुपमा मिधेस प्रदेशमा सक्रियता बढाउन चाइना दुतावास केहि समय यता आफ्नो सक्रिय बढाएको छ ।

जस अन्र्तगत विभिन्न व्यापारको वहाना देखि मधेसी जनताको समाजिक तथा शैक्षिक उथ्थानका लागि विद्यालयमा अध्यनरत विद्यार्थीहरुलाई वैगं देखि साइकल विरतण समेतको कार्यक्रलमा गर्न थालिएको छ ।

मधेस प्रदेश सरकारले विगतमा चलाइएको साइकल बितरण कार्यक्रमको लोकप्रियतालाई देखेर चाइना दुतावासले पनि यो प्रदेशको बालबालिकलाई साइकल बितरण कार्यक्रम सुरु गरेको हो ।

तरसुरुमै बितरण गरिएको साइकलल पुराना र कमसल भएको आरोप लागे पछि उसका पछिला साइकल बितरण कार्यक्रमहरु ओझेलमा परेका छन ।





# सिचाइ गर्न किसानले बनाए बाँध

• विजयकुमार साह



धनुषाको धनुषाधाम नगरपालिका-९, मुर्गिया गाउँका किसान आफ्नै मिहिनेतले मुर्गिया खोलामा बाँध बाधेर खेतमा सिँचाइ गर्न थालेका छन्। सिँचाइ अभावले खेतबारीमा लगाएको बाली सुक्न थाले पछि यहाँका किसानले खोलाको बहाव थुनेर अस्थायी बाँध निर्माण गरी खेत सिँचाइ गर्न थालेका हुन्।

स्थानीय किसान तेजिलाल यादवका अनुसार गाउँदेखि करिब एक किलोमिटर उत्तर मुर्गिया खोलामा माटो, बालुवा, बाँस, ढुङ्गा, र पातपतिङ्गरको प्रयोग गरी बाँध बाधेर जलाशय निर्माण गरिएको छ। जलाशयमा जम्मा भएको पानी पाइपको माध्यमले खेतसम्म पुऱ्याउने व्यवस्था मिलाइएको छ। स्थानीय बासिन्दा मिलेर बाँध निर्माण गरिएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "बाँध निर्माणले यहाँका करिब एक सय ५० बिघा खेतमा सिँचाइ गर्न पुगेको छ। सिँचाइको समस्या नभए हामी उत्पादन दुई गुण बढी बढाउन सक्छौं।"

पूर्व वडाध्यक्ष सञ्जिव यादवका अनुसार अस्थायी बाँधबाट किसानलाई तत्काल राहत पाएका छन्। यसले तरकारी बालीदेखि मकै र गहुँजस्ता मुख्य बालीलाई पानी पुऱ्याउन सहयोग गरेको छ। गाउँलेको मिहिनेतले निर्माण भएको बाँधबाट किसानलाई ठुलो राहत मिले को उहाँले बताउनुभयो। अहिले तरकारी खेतमा पर्याप्त सिँचाइको अभाव रहेको बताउँदै वडाध्यक्ष यादवले यसरी सिँचाइ नगर्ने हो भने यत्रो मिहिनेत गरेर लगाइएको तरकारी बाली त्यसै खेर जाने उहाँको भनाइ छ।

अर्का किसान रामेश्वर साहले सिँचाइ सुविधा नभएकै कारण यहाँका खेतीयोग्य जमिन बाँझै राख्नुपर्ने बाध्यता रहेको बताउनुभयो। केही वर्षदेखि आकाशे वर्षा कम हुँदा मकै गहुँलगायतका बालीको उत्पादनमा असर परेको भन्दै उहाँले अब यो बाँध निर्माणले सिँचाइ गर्न सहयोग पुगेको जानकारी दिनुभयो।

स्थानीयको यो प्रयासले देखेर मधेश सरकारले मुर्गिया खोलामा स्थायी ड्याम निर्माणका लागि चासो देखाएको छ। मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डल, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादव र धनुषाधाम नगर पालिकाका नगर प्रमुख बालेश्वर मण्डलले केही दिन अगाडि मुर्गिया खोलाको स्थलगत अनुगमन गर्नुभयो।

अनुगमनका क्रममा धनुषाधाम नगर पालिकाका नगर प्रमुख मण्डलले अस्थायी बाँधले सरकारलाई सिँचाइको समस्याको गम्भीरताबारे सचेत गराएको बताउनुभयो। स्थानीयको सामूहिक प्रयास र पूर्व वडाध्यक्ष अथक प्रयत्नले मुर्गिया खोलामा स्थायी ड्याम निर्माणको बाटो खुलेको उहाँले जानकारी दिनुभयो।

खानेपानी मन्त्री यादवले ड्याम निर्माणका लागि यसवर्ष ८० लाख रुपियाँ बजेट छुट्याएको बताउनुभयो। उहाँले भन्नुभयो, 'यो सुरुवाती बजेट हो।

यसलाई बहुवर्षीय योजनाका रूपमा अघि बढाएर आवश्यकता अनुसार बजेट थप्दै जान्छौं।'

सभामुख मण्डलले स्थानीयको मेहनतले सरकारको ध्यान तान्न सफल भएको बताउनुभयो। उहाँले भन्नुभयो, "किसानले जुन सङ्घर्ष र मिहिनेत गरेका छन् त्यसले सरकारको ध्यान तान्न सफल भएको छ। ड्याम बनेपछि खेती, आम्दानी र जीवनस्तर सबैमा सुधार आउनेछ।"

# भित्ते मिथिला चित्रकला संरक्षणको प्रयास शुरू



• अजय कुमार झा

मिथिलाञ्चल सहित ग्रामीण क्षेत्रमा पहिला पहिला घरको भित्तामा कोरिने मिथिला चित्रकला लोप हुन थालेपछि यसको संरक्षण गर्ने अभियानको शुरु भएको छ।

खास गरेर ग्रामीण क्षेत्रमा कच्ची घरको निर्माणमा कमी भएर अधिकांश व्यक्तिले पक्की पक्की घर बनाउन थाले पछि भित्तामा कोरिने परम्परागत चित्रकला रोप हुन थालेपछि जनकपुरधामको प्रसिद्ध नारी विकास केन्द्र कुँवाले यसको संरक्षणमा लागी परेको छ।

जनकपुरधामको वडा नं १५ कुवामा रहेको नारी विकास केन्द्रका महिला चित्रकारहरू भित्तामा कोरिने परम्परागत मिथिला चित्र कला बनाउने कार्यमा सक्रिय हुनु भएको छ।

ग्रामीण जनजीवनलाई चित्र मार्फत वर्णन गर्ने यो चित्रकला अहिले लोप हुन थालेपछि नारी विकास केन्द्र कुँवा पुग्ने मार्गमा पर्ने विभिन्न व्यक्तिहरूको १० वटा घरको भित्तामा मिथिला चित्रकला कोर्ने काममा नारी विकास केन्द्रका महिला चित्रकारहरू लागी परेका छन्।

चित्रकारहरूले चित्रकला कोर्दा परम्परागत रङ्गको प्रयोग गरेर मात्र चित्र कोरिरहेका छन्। जनकपुरधाममा रहेको नारी विकास केन्द्रमा अहिले पनि ४० भन्दा बढी महिलाहरू मिथिला चित्रकलाका कार्यमा सक्रिय रहनु भएको छ।

खास गरेर परम्परागत चित्र कलाको संरक्षण गर्नका लागि जनकपुरधामको वडा नं १५ कुवामा चित्रकला कोर्ने काम भइरहेको वरिष्ठ मिथिला चित्रकलाका प्रशिक्षक समेत रहनु भएका मंजुला ठाकुरले बताउनु भयो।

उहाँ मिथिला चित्रकलाका प्रशिक्षक हुनुका साथै यसै मार्फत देश विदेशको अनुभव पनि हाँसिल गर्नु भएको छ।

भित्ते चित्रकला कोर्नमा सक्रिय रहनु भएकी अर्को चित्रकार मधुमाला मण्डलले घरको भित्तामा कोरिएको चित्रकलामा ग्रामीण जनजीवनको जीवन्त चित्रण भएकाले यसको संरक्षण हुन जरुरी छ। गाउँ गाउँमा अहिले पक्की घरको निर्माण गर्ने प्रचलन बढेकाले भित्ते चित्र कला लोप हुन थालेपछि नारी विकास केन्द्र कुँवा जनकपुरधामले यो कदम चालेको बताउनु भयो।

यसले नयाँ पुस्ताका युवाहरूलाई भित्ते चित्रकलाका विषयमा जानकारी मिल्ने विश्वास गर्नु भयो। आफूहरूले थालेको कामबाट भित्ते चित्रकलाको प्रवर्द्धनमा ठूलो मद्दत पुग्ने विश्वास वरिष्ठ मिथिला चित्रकार ठाकुरको रहेको छ।

0%
ब्याजदरमा आकर्षक मोवाईलहरु
अब अन्त किन?
हाम्रै सहर बर्दिबासको
हर्ष उत्कर्ष ट्रेडर्स
बर्दिबास न.पा.-१४, महोत्तरी
पुरानो शुभ स्वस्तिक हस्पिटलको भवनमा
मो.९८४१५५६५००
नोटः यहाँ S25 ultra Mobile को प्रि.बुकिङ्ग गरेमा आकर्षक गिफ्टको पनि सुविधा छ। ।



# निलम्बन फुकुवा गरिदिन रविले दिए सभामुखलाई निवेदन

• टक नेपाल

महोत्तरीका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी लालपूर्जा वितरण गर्न निवेदन उपर जाँचबुझ थालिएको छ। आयोगमा परेको हजारौं निवेदन उपर छानबिन सुरु भएको भूमि समस्या समाधान आयोग महोत्तरीका अध्यक्ष पिताम्बर महतोले बताए।



यसअघि ज्ञानबहादुर गोले अध्यक्ष रहेको आयोगमा १ हजार ६७४ भूमिहीन दलित, २ हजार २११ भुमिहिन सुकुम्बासी र ८ हजार २८२ अव्यवस्थित बसोबासीले भोगचलन गर्दै आएको जग्गाको लालपूर्जा माग गर्दै निवेदन दिएका थिए।

वर्षौंदेखि बसोबास गर्दै आएका महोत्तरीका १२ हजार २८२ घरपरिवारले जग्गाधनीको लालपूर्जा माग गर्दै आयोग पुगेका थिए। त्यस मध्य बर्दिबास नगरपालिका २ बुद्धचोकका १५ भूमिहीन दलित र ३८ भूमिहीन सुकुम्बासी गरी ५३ घरपरिवारले जग्गाधनीको लालपूर्जा पाएको अध्यक्ष महतोले बताए।

'हामीले यस अघिका आयोगमा परेको उजुरी उपर छानविन गरेर प्रक्रिया पूरा भएका परिवारलाई लालपूर्जा दिन्छौं', महतोले भने, 'छिटफुट भएकाहरुलाई फेरि एकपटक आयोगको जिल्ला समितिले निवेदन आह्वान गर्ने तयारीमा छ।'

# टोकन प्रणाली लागू भएपछि सेवा प्रवाहमा सहजता

• टक नेपाल

जिल्ला प्रशासन कार्यालय महोत्तरीमा सेवा प्रवाहका लागि टोकन प्रणाली लागू भएपछि सहज रूपमा सेवा प्रवाह हुन थालेको छ।



जिल्ला प्रशासन कार्यालयबाट नयाँ नागरिकता बनाउने, नागरिकताको प्रतिलिपि लिने, राहदानी बनाउने, राष्ट्रिय परिचयपत्रलगायत कामकाज टोकन प्रणालीमार्फत सुरु भएपछि सेवा प्रवाह सहज भएको हो।

पहिलापहिला जिल्ला प्रशासन कार्यालयमा आउँदा विभिन्न फाँटको ढोका र झ्यालमा घण्टौं लाइन लाग्नुपर्ने, हल्ला र विभिन्न विवादले पालो आउँने गाह्रो हुने गरेकामा टोकन प्रणाली लागू भएपछि सेवा प्रवाहश सहज रूपमा भइरहेको जलेश्वर नगरपालिका -१ बस्ने राजकिशोर रामले बताउनुभयो।

छोरीको नागरिकता बनाउन आउनुभएका उहाँले आफ्नो पालोका लागि टोकन लिएर आरामले कुर्न पाइने हुँदा सेवाग्राही र सेवाप्रदायक दुवैलाई सहज भएको उहाँको बुझाइ छ।

लामो लाइन, हो हल्ला र सेवाग्राहीको घुइँचोका कारण तीन दिन काम गराउन नसकेर घर फर्किएका लोहारपट्टी नगर पालिका-३ का साबिर राईनले आज बिना कुनै झण्झट नागरिकता बनाउन टोकन लिएर पालो कुरेको भन्दै सहज रुपमा काम भएको बताउनुभयो।

राजकिशोर र साबिर जस्तै आज सयौं सेवाग्राहीले आ-आफ्नो कामका लागि टोकन लिएर पालैपालो काम गर्न पाएपछि सहज भएको प्रतिक्रिया दिएका छन्।

जिल्ला प्रशासन कार्यालयमा बर्दिबास नगरपालिकाको सहयोगमा गत गत मङ्गलबार टोकन उपकरण जडान गरिएको थियो।

प्रमुख जिल्ला अधिकारी लालबाबु कवारी र बर्दिबास नगरपालिकाका प्रमुख प्रल्हाद क्षेत्रीले सोही दिन 'टोकन उपकरण'को संयुक्त रूपमा उद्घाटन गरेपछि आज टोकन प्रणालीमार्फत सेवा प्रवाह सुरु भएको हो।

दिनानुदिन बढ्दै गएको सेवाग्राहीको घुइँचोले सेवाग्राहीलाई सेवा प्राप्त गर्न कठिनाइ भइरहेको, भीडभाड नियन्त्रण भन्दा बाहिर गएर हो-हल्ला हुने र कहिले काहीँ बिचौलियासमेतले सेवाग्राहीलाई ठगी गर्ने घटना बढ्दै गएपछि टोकन प्रणाली लागू गरिएको प्रमुख जिल्ला अधिकारी कवारीले बताउनुभयो।

योसँगै जिल्ला प्रशासन कार्यालयमा जिल्लाभरिका सेवाग्राही आउँदा भीडभाड हुने, बिचौलिया हाबी हुने र एउटै कामका लागि दुई-चार दिन कुर्नुपर्ने समस्या अन्त्य भएको उहाँको भनाइ छ।

बर्दिबास नगरपालिकाका प्रमुख क्षेत्रीले टोकन प्रणालीमार्फत सेवा सुरु भएपछि जस्तोसुकै भीडभाडमा पनि सेवाग्राहीले पालैपालो सेवा पाउने, अनावश्यक रूपमा लाइनमा बस्नु नपर्ने र कर्मचारीले पनि सहज रूपमा सेवा दिन सक्ने बताउनुभयो।

जिल्ला प्रशासन कार्यालयबाट दैनिक औसतमा ७५ नागरिकता, ५० राहदानी र दुई सय राष्ट्रिय परिचय पत्रसम्बन्धी सेवा दिने सेवाग्राही आउने गरेका कार्यालयका प्रवक्ता एवं सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानले जानकारी दिनुभयो।


## मधेस प्रदेशमै पाइल्सको १ मात्र लेजर सर्जरी



विधिबाट पाइल्स, फिस्टुला, फिसर, पाइलोनाइडल साइनसको उपचार
डा. अफजल मन्सुरी
द्वारा
पोखरा र काठमाण्डौमा विगत लामो समयदेखि हजारौं बिरामीहरुलाई सफल उपचार गरिसक्नु भएका अनुभवी वरिष्ठ डा अफजल मन्सुरी टिम्द्वारा जाँच उपचार तथा परामर्श हुने भएकोले समयमै सम्पर्क राखी मौकाको फाइदा उठाउनुहुन अनुरोध गरिन्छ।

डा. अफजल मन्सुरी
BAMS, IOA, NSU, Dang
CCKAS, AIAA, Ghaziabad (Delhi)
NWCLD of Lasser Theraphy on Benign anorectal disease & vericoseveins
BHU Baransi, India
NAMC No.: 786



बाँझोपन, निःसन्तान महिला पुरुषको उपचार पनि गरिन्छ।

हरेक हप्ताको आइतबार, सोमबार र मंगलबार
समयः बिहान १०:००-५:०० बजेसम्म

### लेजर सर्जरी नै किन ?
- ☑ भर्ना हुनु नपर्ने
- ☑ दुखाई नहुने
- ☑ रोग पुनः नदोहोरिने
- ☑ सवारी साधन चलाएर घर फर्कन सकिने साथै नियमित काम गर्न सकिने

### हाम्रा सेवाहरु
- पायल्स, फिसर, फिस्टुला
- दिसा गर्दा रगत आउँने
- दिसा गर्दा मासु आउने
- दिसा गर्दा दुखाइ हुने
- मलद्वारमा फोका देखिनु
- मलद्वारमा पिप निस्कनु
- मलद्वार चिलाउनु
- मलद्वार सुन्निनु
- कब्जीयत
- हाडजोर्नी, नशा
- यौन समस्या
- छाला रोग आदि

### पायल्स, फिसर, फिस्टुला
दिशा घरमा मासु पलाएको, दुख्ने पोल्ने, चिलाउने, रगत बग्ने, दिशा गर्दा मासु बाहिर आउने, दीर्घकालीन कब्जियत, दिशा नखुल्ने, गानोगोला साथै मलद्वार सम्बन्धी सम्पूर्ण समस्या

सम्पर्कः
## ग्राण्डी आयुर्वेद प्रोक्टो लेजर क्लिनिक
बर्दिवास-१, बरगाछीटोल, महोत्तरी, 9864070612, 9807647760



## बर्दिवास-खुर्कोट-घुर्मी-ओखलढुङ्गा
## टिकट बिक्री केन्द्र



बर्दिवास, महोत्तरी
प्रत्येक दिन बिहान ६:३०
सुनौलो वि. पी. यातायात क. प्रा. लि.
टिकट बुकिङ्गको लागि सम्पर्कः

| प्रकाश कार्की | उमेश थापा | रोहित श्रेष्ठ |
|---|---|---|
| ९८१९८८३७२० | ९८०७६२७२५५ | ९८६१२१२३५२ |
| ९८६४१०४०११ | ९८६४०२२३५० | ९८२७८३०९३३ |



## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा



SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
## शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com